**सभाध्यक्ष महोदय,**

अब म यस नगर सभा समक्ष आर्थिक वर्ष २०८०/८१ का लागि अनुमानित आय, व्यय र प्रस्ताव गरिएको बजेट तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**१. आय अनुमानः**

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि आन्तरिक आयतर्फ नगरपालिकाको आफ्नै श्रोतबाट रु. १८,५०,००,०००।०० (अठार करोड पचास लाख मात्र), गत वर्षको नगद मौज्दात रू.२२,००,००,०००।०० (बाइस करोड मात्र), राजश्व बाँडफाडबाट रु. ३७,२६,४५,०००।०० (सैंतीस करोड छब्बीस् लाख पैंतालीस हजार मात्र), अन्तर सरकारी वित्तिय हस्तान्तरण श्रोत तर्फ संघीय सरकारबाट रु.४७,२५,००,०००।०० (सठ्चालीस् करोड पच्चीस् लाख मात्र), प्रदेश सरकारबाट रु. ५,३४,६७,०००।०० (पाँच करोड चौतीस् लाख सठ्सठ्ठी हजार मात्र ), स्थानीय तह अनुदानबाट रु. ३५,००,०००।- (पैंतीस् लाख मात्र) र अन्य निकायहरुमा जिल्ला समन्वय समितिबाट रु. २,५०,००,०००।०० (दुई करोड पचास लाख मात्र), सडक बोर्डबाट रू.७२,००,०००।— (बहत्तर लाख मात्र) गरी जम्मा रु. १,३३,९३,१२,०००।०० ( एक अर्व तेत्तीस् करोड त्रियानब्बे लाख बाह्र हजार मात्र) को आय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचिहरुमा समावेश गरिएको छ ।

**२. व्यय अनुमानः**

माथि उल्लेखित अनुमानित आयको परिधिमा रही आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि चालु तर्फ रू. ५१,९७,०६,०००।०० (एकाउन्न करोड सन्तान्नब्बे लाख छ हजार मात्र) र पूँजिगत तर्फ रू. ८१,९६,०६,०००।०० (एकासी करोड छयान्नब्बे लाख छ हजार मात्र) गरी कुल जम्मा रु. १,३३,९३,१२,०००।०० ( एक अर्व तेत्तीस् करोड त्रियानब्बे लाख बाह्र हजार मात्र) को व्यय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचीहरुमा समावेश गरिएको छ ।

अन्त्यमा,

यस ऐतिहासिक साँस्कृतिक नगरीको विकास र समृद्धिका लागि निरन्तर सहयोग, सद्भाव राखु हुने सम्पूर्ण नगरवासी महानुभावहरु, करदाता महानुभावहरु, विकासका योजना कार्यक्रमका साझेदार सरकारी, सामुदायिक तथा निजी संघ संस्थाहरु लगायत सवैमा हार्दिक आभार प्रकट गर्दछु । बजेटको सफल कार्यान्वयनमा सवै पक्षहरुको साथ र सहयोगको अपेक्षा गर्दै यो संक्षिप्त बजेट वक्तव्य अन्त्य गर्न चाहन्छु ।

धन्यवाद !